उच्च अदालत, पाटन
हेटौंडा इजलास

# उच्च अदालत पाटन
## हेटौंडा इजलास,मकवानपुर
## सुचना नं १ (२०७७/०७८)
## *स्टोर निर्माण कार्य*
## *शिलवन्दी दरभाउपत्र आह्वानको सूचना*
**प्रथम पटक सुचना प्रकाशित मिति : २०७७।०६।१४**

यस कार्यालयवाट चालु आर्थिक वर्ष २०७७/०७८ का लागि स्टोर निर्माण गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेको निर्माण व्यवसायी वा कन्स्ट्रक्सनले यस सुचना वमोजिमको निर्माण गर्ने अनुमति प्राप्त अधिकृत निर्माण व्यवसायी वा कन्स्ट्रक्सनले निम्न अनुसार रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक दरभाउपत्रदाताहरुले रु. १०००।- (फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गरि लिखित निवेदनको साथमा दरभाउपत्रदाताको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धिकर प्रमाणपत्र तथा आ.व.२०७५/०७६ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु पेश गरी उच्च अदालत पाटन,हेटौंडा इजलास वाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. १६ औं दिनको १२:०० भित्र यस कार्यालयमा दरभाउपत्र शिलवन्दि गरी खाममा आंफूले निर्माण गर्ने कामको विषय समेत उल्लेख गरी दर्ता गराउनु पर्नेछ । निर्धारित समय भित्र दर्ता नभएको दरभाउपत्र मान्य हुने छैन ।

३. दर्ता भएका दरभाउपत्रहरु १६ औं दिन दर्ता गर्ने समय सकिए लगतै कार्यालयका प्रतिनिधि र उपस्थित दरभाउपत्रदाताका प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र साथ तोकिए वमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रयक कार्यालय,मकवानपुरको नेपाल वैंक लिमिटेड हेटौंडा स्थित धरौटी खाता ०२५०१०००००२००३००००१ मा यस अदालतको कोड नं.२०४९१३२०१ जम्मा गरेको सक्कल भौचर वा कम्तिमा दरभाउपत्र दाखिला हुने अन्तिम मितिले ७५ दिन म्याद भएको मान्यता प्राप्त वैंकवाट जारी गरिएको सक्कल विडवण्ड संलग्न गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ ।

६. दरभाउपत्र दाखिला हुने अन्तिम मिति देखि ४५ दिनसम्म मान्य हुनेछ ।

७. B0Q मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८. दरभाउपत्र सम्बन्धी अन्य काम कारवाही प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४(संशोधनसहित) ऐन अनुसार हुनेछ ।

| ठेक्का नं. | निर्माण कार्यको विवरण | आवश्यक संख्या | कुल लागत रकम रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०७७-०७८ | स्टोर निर्माण | १ | | रु २८,०००।( अठ्ठाईस हजार मात्र) |

०५७-५२१०९९

रजिष्ट्रार